प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

## शिक्षा विकास निर्देशनालय

गण्डकी प्रदेश, पोखरा

प्रथम पटक प्रकाशित मितिः २०७५/०९/१०

## सूचना नं १- प्राविधिक विद्यालयहरुमा ल्याब तथा उपकरण व्यवस्थापनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

गण्डकी प्रदेश भित्रका सामुदायिक विद्यालयहरुमध्ये प्राविधिक धार सञ्चालन गरेका विद्यालय र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट अनुमति लिई Technical Secondary Education Examination (TSEE) र डिप्लोमा तहको कक्षा सञ्चालन गरिरहेको सामुदायिक विद्यालयहरुमा प्रयोगशाला एवम् आवश्यक उपकरणहरुको उचित व्यवस्थापन गरी शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्दै प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस निर्देशनालयको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **प्राविधिक विद्यालयहरुमा ल्याब तथा उपकरण व्यवस्थापनका लागि पुँजीगत अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७५** बमोजिम यस प्रदेश भित्र सञ्चालित उपर्युक्तानुसारका प्राविधिक विद्यालयहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र कार्यविधिमा उल्लेख भए बमोजिम निर्धारित ढाँचामा प्रस्ताव तयार गरी आवश्यक कागजातहरु सहित प्रस्ताव सम्बन्धित जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइ वा शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेशमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना नं २ - विद्यालय तथा बालसुधारगृहको शौचालय, कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला व्यवस्थापनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

गण्डकी प्रदेश भित्रका सामुदायिक विद्यालयहरु तथा बालसुधारगृहमा **शौचालय**, **कम्प्युटर ल्याव**, **विज्ञान प्रयोगशालाको उ**चित व्यवस्थापन गरी शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्दै प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस निर्देशनालयको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सामुदायिक **विद्यालय तथा बालसुधारगृहरुमा शौचालय**, **कम्प्युटर ल्याव**, **विज्ञान प्रयोगशाला व्यवस्थापनका लागि पुँजीगत अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७५** बमोजिम यस प्रदेश भित्र सञ्चालित उपर्युक्तानुसारका सामुदायिक विद्यालय तथा बालसुधारगृहहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र कार्यविधिमा उल्लेख भए बमोजिम निर्धारित ढाँचामा प्रस्ताव तयार गरी आवश्यक कागजातहरु सहित प्रस्ताव सम्बन्धित जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइ वा शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेशमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना नं ३- सामुदायिक सिकाई केन्द्रमार्फत साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

गण्डकी प्रदेश भित्रका सामुदायिक सिकाइ केन्द्रहरुले आफ्नो सेवा क्षेत्र भित्रका निरक्षरहरुलाई साक्षर र साक्षरहरुलाइ निरन्तर शिक्षा संचालन गरी साक्षरता कार्यक्रमलाई प्रभावकारी बनाउन यस निर्देशनालयको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **सामुदायिक सिकाइकेन्द्र मार्फत साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७५** बमोजिम यस प्रदेश भित्र सञ्चालित उपर्युक्तानुसारका सामुदायिक सिकाइकेन्द्रहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र कार्यविधिमा उल्लेख भए बमोजिम निर्धारित ढाँचामा प्रस्ताव तयार गरी आवश्यक कागजातहरु सहित प्रस्ताव सम्बन्धित जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइ वा शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेशमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना नं ४- वैकल्पिक विद्यालय स्थापना तथा सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

गण्डकी प्रदेश भित्र विद्यालय शिक्षाको अवसरबाट बञ्चित नागरिकहरुलाई विद्यालय शिक्षाकै पाठ्यक्रममा आधारित भइ माध्यमिक शिक्षा परीक्षा (एसईई) सम्मको शैक्षिक योग्यता हासिल गराउन सञ्चालनमा रहेका विद्यालयहरुको सुदृढीकरण तथा व्यवस्थापन र नयाँ विद्यालयको स्थापना तथा सञ्चालन गर्ने आर्थिक वर्ष २०७५/७६ को बजेट कार्यान्वयन गर्ने **वैकल्पिक विद्यालय स्थापना तथा सञ्चालनका लागि पुँजीगत अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७५** बमोजिम यस प्रदेश भित्र सञ्चालित उपर्युक्तानुसारका वैकल्पिक विद्यालयहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र कार्यविधिमा उल्लेख भए बमोजिम निर्धारित ढाँचामा प्रस्ताव तयार गरी आवश्यक कागजातहरु सहित प्रस्ताव सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेशमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना नं ५ - स्थानिय तहसंगको सहलगानीमा ग्रामीण क्षेत्रका सामुदायिक आधारभुत विद्यालयहरुमा सूचना प्रविधिको प्रयोग एवम् ई- लर्निङ व्यवस्थापनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

गण्डकी प्रदेश भित्रका ग्रामीण क्षेत्रका सामुदायिक आधारभुत विद्यालयहरुमा सूचना प्रविधिको प्रयोग एवम् E- Learning व्यवस्थापन गरी विद्यार्थीहरुको पठनपाठन एवम् शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याई गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक भएकोले ग्रामीण क्षेत्रका आधारभुत सामुदायिक विद्यालयहरुको लागि सूचना प्रविधिको व्यवस्थापन गर्न यस निर्देशनालयको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **ग्रामीण क्षेत्रका आधारभुत सामुदायिक विद्यालयहरुको लागि सूचना प्रविधिको प्रयोग एवम् ई- लर्निङ व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५** बमोजिम यस प्रदेश भित्र सञ्चालित उपर्युक्तानुसारका सामुदायिक विद्यालयहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र कार्यविधिमा

उल्लेख भए बमोजिम निर्धारित ढाँचामा प्रस्ताव तयार गरी आवश्यक कागजातहरु सहित प्रस्ताव सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइ वा शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेशमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना नं ६- स्थानीयतहमा संचालित उत्कृष्टता हासील गरेका सामुदायिक सिकाई केन्द्रहरुको संस्थागत क्षमता विस्तारका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

गण्डकी प्रदेश भित्रका सामुदायिक सिकाइ केन्द्रहरुले संस्थागत क्षमता विकास गरी आफ्नो सेवा क्षेत्र भित्रका विभिन्न शैक्षिक क्रियाकलापहरुलाइ प्रभावकारी रुपमा संचालन गर्न यस निर्देशनालयको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विस्तार सम्बन्धी कार्यविधि, २०७५** बमोजिम यस प्रदेश भित्र सञ्चालित उपर्युक्तानुसारका सामुदायिक सिकाइकेन्द्रहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र कार्यविधिमा उल्लेख भए बमोजिम निर्धारित ढाँचामा प्रस्ताव तयार गरी आवश्यक कागजातहरु सहित प्रस्ताव सम्बन्धित जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइ वा शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेशमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना नं ७ - सामुदायिक विद्यालयमा संचालित बालविकास केन्द्रहरुको स्तरोन्नतिका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

गण्डकी प्रदेश भित्रका सामुदायिक विद्यालयहरुमा संचालित प्रारम्भिक बालविकास केन्द्रहरुको स्तरोन्नती गरी बालबालिकाहरुको चौतर्फी विकास गर्ने क्रियाकलापहरुलाइ प्रभावकारी रुपमा संचालन गर्न यस निर्देशनालयको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **बालविकास केन्द्रको स्तरोन्नतिका लागि दिइने पुंजिगत अनुदान सम्बन्धी कार्यविधि, २०७५** बमोजिम यस प्रदेश भित्र सञ्चालित उपर्युक्तानुसारका सामुदायिक विद्यालयहरुमा संचालित बालविकास केन्द्रहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र कार्यविधिमा उल्लेख भए बमोजिम निर्धारित ढाँचामा प्रस्ताव तयार गरी आवश्यक कागजातहरु सहित प्रस्ताव सम्बन्धित जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइ वा शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेशमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना नं ८ - प्रदेशस्तरमा संचालित समावेशी शिक्षा संचालन गर्ने सामुदायिक विद्यालयहरुको क्षमता विस्तार (दृष्टिविहिन,सुस्तश्रवण र वौद्धिक अपांगता भएकालाइ शैक्षिक सामाग्री तथा उपकरण) को लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

गण्डकी प्रदेश भित्रका अपाङ्गता भएका बालवालिकाहरुलाई अपाङ्ग मैत्री वातावरणमा पठनपाठन गराइ विद्यालय शिक्षाको मुल प्रवाहमा समावेश गराउँदै शिक्षामा पहुँच र शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्ने

क्रियाकलापहरुलाइ प्रभावकारी रुपमा संचालन गर्ने यस निर्देशनालयको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **समावेशी शिक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालयको क्षमता विस्तार सम्वन्धी कार्यविधि,२०७५** बमोजिम यस प्रदेश भित्र सञ्चालित उपर्युक्तानुसारका सामुदायिक विद्यालयहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र कार्यविधिमा उल्लेख भए बमोजिम निर्धारित ढाँचामा प्रस्ताव तयार गरी आवश्यक कागजातहरु सहित प्रस्ताव सम्बन्धित जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइ वा शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेशमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**माथी उल्लेखित सूचना सम्बन्धी थप जानकारीका लागि सम्पर्क**

**सामाजिक विकास मन्त्रालयको वेवसाइट mosd.gandaki.gov.np मा लगइन गरी वा मन्त्रालयको फोन नं. ०६१-४६७६७१, ०६१-४६७६७२**

**वा**

**शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेश, पोखराको फोन नं ०६१-५५०४६२ वा ०६१-५२८५७३ मा सम्पर्क गर्न सकिने छ ।**